# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (५) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## स्वतः प्रकाशन

## (Proactive Disclosure)

२०८१ माघ - चैत्र

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
मध्यपुर थिमि - २, सानोठिमी, भक्तपुर
फोन नं. ०१-६६३०४०८, ६६३०७६९
इमेलः info@ctevt.org.np, research@ctevt.org.np वेबसाइटः www.ctevt.org.np

# विषयसूची


१ परिषद्को स्वरुप र प्रकृति.......... १

२ परिषद्को काम, कर्तव्य र अधिकार.......... २

३ परिषद्को संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण.......... ३

३.१ संगठन संरचना.......... ३

३.२ कर्मचारी संख्या.......... ४

३.३ कार्य विवरण.......... ४

३.३.१ परिषद्का महाशाखाहरूको कार्य विवरण.......... ४

३.३.२ परिषद् अन्तर्गतका अर्ध-स्वायत्त निकायहरूको कार्य विवरण.......... ७

३.३.३ परिषद् अन्तर्गतका प्रदेश कार्यालयहरूको कार्य विवरण.......... ८

४ परिषद्बाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर र अवधि.......... ९

५ निर्णय गर्ने प्रक्रिया र अधिकारी.......... १०

६ निर्णय उपर गुनासो सुन्ने अधिकारी.......... १०

७ सेवा प्रदान गर्ने परिषद्का महाशाखा/कार्यालय र जिम्मेवार अधिकारी.......... १०

८ सम्पादन भएका मुख्य कार्यहरूको विवरण.......... १२

९ सूचना अधिकारी, प्रवक्ता र कार्यालय प्रमुखको नाम, पद तथा सम्पर्क नं.......... १४

१० ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि/मापदण्ड.......... १५

११ आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण.......... १६

१२ परिषद्को वेबसाइट.......... १७

१३ परिषद्का सूचना तथा जानकारी प्रकाशन हुने अन्य स्थानको विवरण.......... १७

१४ सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय.......... १८

अनुसूची १ः नागरिक बडापत्र.......... १९

अनुसूची २ः शैक्षिक सत्र २०८१/८२ का लागि निर्धारित शैक्षिक क्यालेन्डर.......... ३६

# १ परिषद्को स्वरुप र प्रकृति

आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम एक स्वायत्त संस्थाको रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो। परिषद्लाई मार्ग दर्शन प्रदान गरी सुव्यवस्थित ढंगले सञ्चालन गर्नका लागि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा २३ सदस्यीय सभा र ९ सदस्यीय परिषद्को व्यवस्था गरिएको छ।

परिषद्का मुख्य कार्यहरूमा राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम बजारको मागलाई सम्बोधन गर्ने गरी दक्ष प्राविधिक जनशक्ति उत्पादन, औपचारिक, अनौपचारिक तथा अरितिक पद्धतिबाट हासिल गरेका सीपको स्तर निर्धारण एवं प्रमाणीकरण, पाठ्यक्रम निर्माण, स्तर निर्धारण तथा सम्बन्धन, गुणस्तर सुनिश्चितता र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका सरोकारवालाहरूसँग समन्वय रहेका छन्। यसका अतिरिक्त परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको विकास तथा विस्तारमा समतामूलक पहुँचको सुनिश्चितता, प्रशिक्षकहरूको क्षमता विकास, अध्ययन तथा अनुसन्धान जस्ता कार्यहरू गर्दै आइरहेको छ।

परिषद् केन्द्रीय कार्यालयमा ९ वटा महाशाखाहरू रहेका छन्। परिषद् अन्तर्गत केन्द्रीय स्तरमा प्राविधिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय सीप परीक्षण समिति र परीक्षा नियन्त्रण कार्यालय अर्ध-स्वायत्त निकायको रूपमा र ७ वटै प्रदेशमा परिषद्का प्रदेश कार्यालयहरू सञ्चालित छन्। परिषद् अन्तर्गत ६६ वटा आङ्गिक शिक्षालय, ५५ वटा साझेदारी शिक्षालय, ६३९ वटा प्राविधिक शिक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालय र ४२२ वटा सम्बन्धन प्राप्त निजी शिक्षण संस्थाहरू सञ्चालनमा रहेका छन्। यी संस्थाहरूले डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहका कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछन्। परिषद् अन्तर्गत कृषि तथा वन, इन्जिनियरिङ्ग, स्वास्थ्य, होटल व्यवस्थापन र अन्य क्षेत्रमा विविध कार्यक्रमहरू सञ्चालित छन्। जीविकोपार्जन र उद्यमशीलता विकास गर्न आवश्यक पर्ने सीपको लागि देशभर १,८०५ निजी तालीम प्रदायक संस्थाहरूले छोटो अवधिको व्यावसायिक सीपमूलक तालीम सञ्चालन गर्न परिषद्सँग सम्बन्धन/स्वीकृति लिएका छन्। परिषद् अन्तर्गत रहेको राष्ट्रिय सीप परीक्षण समितिले प्रारम्भिक तहदेखि तह ४ सम्म विभिन्न पेशा/व्यवसायमा सीप परीक्षण तथा प्रमाणीकरण गर्दै आइरहेको छ।

## २ परिषद्‌को काम, कर्तव्य र अधिकार

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ अनुसार परिषद्‌को काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको विकास गर्नको लागि तोकिए बमोजिमका विभिन्न शिक्षण प्रशिक्षण र अनुसन्धानको व्यवस्था गर्ने र त्यसको सञ्चालनको व्यवस्था मिलाउने।
२. निजी एवं गैर सरकारी क्षेत्रमा स्थापना वा सञ्चालन हुने प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको अध्यापन वा सञ्चालन स्वीकृति दिने र तिनीहरुले पाउने सुविधा र सहयोग सम्बन्धी व्यवस्था गर्ने।
३. प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको सम्बन्धमा स्वदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्ध कायम गर्ने र स्तरयुक्त शिक्षा वा तालीममा जोड दिने।
४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सम्बन्धी नीति निर्धारण गरी सभामा स्वीकृतिको लागि पेश गर्ने।
५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम कार्यक्रमहरुको क्षेत्र र स्तर निर्धारण गर्ने।
६. आधारभूत तहको सीप तथा तालीम सञ्चालन गर्ने र मध्यम स्तरीय जनशक्ति उत्पादन गर्ने ।
७. बहुप्राविधिक (पोलिटेक्निक) शिक्षालय स्थापना एवं सञ्चालन गर्ने गराउने।
८. नेपाल सरकारको स्वामित्वमा रहेका संगठित संस्था तथा गैर सरकारी संगठित संस्थाद्धारा सीप विकासको निमित्त दिइने व्यावसायिक तालीमको पाठ्यक्रम र पाठ्यपुस्तक निर्धारण समितिले निर्धारण गरे बमोजिम लागु गर्ने गराउने।
९. विभिन्न तालीम सम्बन्धी कार्यक्रमहरु बीच समन्वय कायम गर्ने गराउने।
१०. प्राविधिक प्रशिक्षक सम्बन्धी तालीम सञ्चालन गर्ने।
११. अप्रेन्टिसीप तालीम सम्बन्धी आवश्यक व्यवस्था मिलाउने।
१२. प्राविधिक शिक्षालयको क्षेत्रभित्र विभिन्न स्थानमा अल्पकालीन वा घुम्ती तालीम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षण केन्द्रहरु, पाठ्य विषय (ट्रेनिङ्ग प्याकेज) तथा तालीम दिने शिक्षक सम्बन्धी आवश्यक व्यवस्था मिलाउने।
१३. सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धी व्यवस्था गर्ने गराउने।
१४. सीप प्रमाणीका बनाउने र सीपको स्तर निर्धारण गर्ने।
१५. सरकारी तथा गैर सरकारी निकायहरुले सञ्चालन गरी आएका सेवाकालीन तथा पूर्व सेवाकालीन, प्राविधिक तथा व्यावसायिक तालीम पाठ्यक्रममा सामञ्जस्य ल्याई त्यस्ता तालीमहरुको राष्ट्रिय स्तरमा मुल्याङ्कन गरी स्तर निर्धारण गर्ने र मान्यता प्रदान गर्ने ।

१६. आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक कार्य गर्ने गराउने।

१७. सभाले पारित गरेको कार्यक्रमको कार्यान्वयन गर्ने गराउने।

१८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाउने र प्राप्त सहयोगको सुव्यवस्थित रुपले परिचालन गर्ने गराउने।

१९. नेपाल सरकारलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमका लागि आवश्यक परामर्श दिने।

२०. नेपाल सरकारको पूर्व स्वीकृति लिई स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्झौता वा करार गर्ने।

२१. परिषद्को बार्षिक बजेट, प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन स्वीकृत वा अनुमोदन वा जानकारीको लागि सभामा पेश गर्ने।

२२. यस ऐनको उद्देश्य कार्यान्वयनको लागि आवश्यक अन्य कार्यहरु गर्ने गराउने।

# ३ परिषद्को संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण

## ३.१ संगठन संरचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को हालको सांगठनिक संरचना देहाय बमोजिम रहेको छ।



## ३.२ कर्मचारी संख्या

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत स्थायी कर्मचारीहरूको दरबन्दी संख्या ९३२ रहेको छ। परिषद्को स्थायी दरबन्दी संख्या ९३२ मध्ये २०८१ चैत्र मसान्तसम्म ५५९ जना कर्मचारीहरू कार्यरत रहेका छन् भने ३७३ दरबन्दी रिक्त रहेको छ। पछिल्ला वर्षहरूमा शिक्षालय तथा कार्यक्रमहरूको विस्तार भएता पनि स्थायी दरबन्दी संख्या थप नभएका कारण परिषद्ले आवश्यक जनशक्ति सेवा करारमा लिई कार्य सम्पादन गर्दै आएको छ। आ.व. २०८१/०८२ मा परिषद् अन्तर्गतका कार्यालय तथा शिक्षालयहरूमा सेवा करारमा १,४२९ जना प्रशिक्षक तथा कर्मचारी, ४७० जना सहयोगी र ३०९ जना सुरक्षागार्ड गरी जम्मा २,२०८ जनाका लागि स्वीकृत बजेटको व्यवस्था रहेको छ।

## ३.३ कार्य विवरण

### ३.३.१ परिषद्का महाशाखाहरूको कार्य विवरण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को केन्द्रीय कार्यालयमा रहेका ९ वटा महाशाखाहरूको कार्य विवरण देहाय बमोजिम रहेको छ।

**(क) प्रशासन महाशाखा**

- प्रशासन तथा आर्थिक व्यवस्थासम्बन्धी दैनिक काम गर्ने।
- मानव संसाधनको व्यवस्थापन गर्ने।
- परिषद् तथा यस अन्तर्गतका शिक्षालयहरूमा कर्मचारीहरूको व्यवस्था तथा सुपरीवेक्षण गर्ने।
- सम्पत्ति व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कामहरू गर्ने।

**(ख) प्राविधिक महाशाखा**

- नेपाल सरकारबाट स्वीकृत कार्यक्रम अनुरुप पिछडिएका वर्गको उत्थानका लागि विशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने।
- शिक्षालय/संस्थाहरूको गुणस्तर कायम राख्न अनुगमन गर्ने।
- गुणस्तरयुक्त प्रशिक्षणका लागि प्राविधिक शिक्षालयको निरीक्षण गर्ने।
- प्राविधिक सर-सल्लाह तथा सुझावहरू उपलब्ध गराउने।
- अनुगमन मापदण्ड तयार गरी लागु गर्ने।
- तालीम कार्यक्रमहरूको मूल्याङ्कन गर्ने।

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको गुणस्तर अभिवृद्धिका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वयन गर्ने।

**(ग) पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा**

- पाठ्यक्रम विकास अन्य संस्था वा निकायहरूलाई सरसल्लाह वा सहयोग प्रदान गर्ने।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम प्रणालीमा प्रयोग हुने सम्पूर्ण पाठ्यक्रम श्रम बजारको माग अनुसार निर्माण तथा परिमार्जन गर्ने।
- पाठ्यक्रम तथा शैक्षिक सामाग्री सम्बन्धी तथ्याङ्कलाई सुरक्षित राख्ने।
- आवश्यकता पहिचान गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी पाठ्यक्रम तयार गर्ने।
- पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक तयार गर्ने।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्रदान गर्ने अन्य संस्थाहरूको पाठ्यक्रमको खाका (रुपरेखा) तथा मापदण्ड तयार पार्न प्राविधिक सल्लाहको निम्ति सहकारिता र समन्वयन बढाउने।
- देश बाहिर प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम हासिल गरेका व्यक्तिहरूलाई समकक्षता उपलब्ध गराउने।
- परिषद्बाट हालसम्म निर्माण भई अध्ययन अध्यापन भई रहेको विभिन्न तह तथा कार्यक्रमहरूको (प्रमाणपत्र /डिप्लोमा तह र प्राविधिक एस.एस.सी. एवं छोटो अवधि) पाठ्यक्रमहरू परिमार्जन गर्ने।

**(घ) सूचना तथा अनुसन्धान महाशाखा**

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्राप्त गरिसकेका ग्राजुएटहरूको रोजगारीको अवस्थाका बारेमा अध्ययन गर्ने।
- नयाँ प्राविधिक शिक्षालयहरू स्थापना गर्नको लागि संभाव्यता अध्ययनमा सहयोग पुर्याउने।
- तालीम आवश्यकता सर्भेक्षण/अध्ययन गर्ने।
- तथ्याङ्कमा आधारित सूचना प्रणालीको विकास गर्ने।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमको उपलब्धि र प्रगति विवरण संकलन गरी प्रचार प्रसार गर्ने।
- सरोकारवालाहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी सूचनाहरू उपलब्ध गराउने।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी परामर्श सेवा उपलब्ध गराउने।

- चेतनामूलक कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने।
- प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम क्षेत्रमा सूचनाको आधार स्थापित गर्न रोजगार श्रम बजार र प्राविधिक शिक्षा बीच समन्वयन गर्ने गराउने।
- परिषद्को वार्षिक प्रगति प्रतिवेदन, अनुसन्धानात्मक जर्नल तथा समाचार बुलेटिन प्रकाशन गर्ने।

**(ङ) पोलिटेक्निक (बहुप्राविधिक शिक्षालय) महाशाखा**

- आङ्गिक तथा साझेदारी स्वरुपमा सञ्चालन हुने शिक्षण संस्थाहरूको विकास र विस्तारका लागि सञ्चालन/ सम्बन्धन सम्बन्धी कार्य गर्ने।
- परिषद् अन्तर्गत तथा परिषद्बाट सम्बन्धन प्राप्त गरी संचालन भएका प्रमाणपत्र तह/डिप्लोमा तहका प्राविधिक संस्थाहरूको गुणस्तर कायम गर्न अनुगमन र सुपरीवेक्षण तथा पूर्वाधार निर्देशिका तयार गर्ने।
- डिप्लोमा तहको नयाँ कार्यक्रमहरूको विकास गर्ने र हाल सञ्चालन भैरहेका संस्थाहरूलाई निर्धारित मापदण्डमा पुर्याउन सहयोग गर्ने।
- परिषद् अन्तर्गतका शिक्षालयहरूलाई नमूना बहु-प्राविधिक शिक्षालयमा स्तरोन्नति गर्ने।

**(च) नीति निर्माण तथा योजना महाशाखा**

- परिषद्को कार्यक्रमको योजना बनाउने तथा समग्र नीति तर्जुमा गर्ने।
- दीर्घकालीन रणनीतिक योजना निर्माण गर्ने तथा ती योजनाहरूलाई परिचालन गर्न अल्पकालीन योजना तयार गर्ने।
- परिषद् अन्तर्गतका क्रियाकलापहरू तथा कार्यक्रमहरूको मूल्याङ्कन र अनुगमन गर्ने।
- नेपाल सरकारलाई प्राविधिक तथा व्यावसायिक तालीम सम्बन्धी आवश्यक सर-सल्लाह उपलब्ध गराउने।

**(छ) तालीम विकास महाशाखा**

- परिषद् अन्तर्गतका तालीम केन्द्रको मूल्याङ्गन र अनुगमन गर्ने र निजी स्तरका संस्थाहरूद्वारा संचालित छोटो अवधिका तालीममा गुणस्तर सुनिश्चितताका लागि समन्वय गर्ने।
- आवश्यकता पहिचान गरी महिला तथा पिछडिएका वर्गको निम्ति सीपयुक्त छोटो अवधीको तालीम संचालन गर्न सहजीकरण गर्ने।
- तालीम केन्द्रलाई आर्थिक सहयोग प्रदान गर्ने गरी कार्यक्रम संचालन गर्न प्रोत्साहन दिने ।

- स्थानीय निकायहरू एवं गैर सरकारी संस्थाको व्यावसायिक तालीम तथा सामुदायिक विकास क्षेत्रमा क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने।
- देशभरि नै व्यावसायिक तालीम तथा सामुदायिक विकासका कार्यक्रमहरू क्रमबद्ध रुपमा विस्तार गर्दै लैजाने।
- सम्बन्धन प्राप्त छोटो अवधिको तालीम प्रदायक संस्थाहरूको निरीक्षण तथा अनुगमन गर्ने ।

### (ज) स्तर निर्धारण तथा सम्बन्धन महाशाखा

- निजी क्षेत्रमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालनका लागि आवश्यक योजना तयार गर्ने।
- तालीम कार्यक्रमहरू संचालनको लागि अस्थायी/स्थायी सम्बन्धन उपलब्ध गराउने।
- निजी संस्थाहरूको नवीकरण गर्ने।

### (झ) सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) महाशाखा

- परिषद् अन्तर्गतका सामुदायिक विद्यालयहरूको गुणस्तर कायम राख्न अनुगमन तथा निरीक्षण गर्ने।
- सामुदायिक कार्यक्रम संचालनको लागि योजना बनाई कार्यान्वयन गर्ने।
- सामुदायिक विद्यालयहरूमा सञ्चालित कार्यक्रमहरूको मूल्याङ्कन गर्ने।

## ३.३.२ परिषद् अन्तर्गतका अर्ध-स्वायत्त निकायहरूको कार्य विवरण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत केन्द्रीय स्तरमा ३ वटा कार्यालयहरू अर्ध-स्वायत्त रूपमा सञ्चालित छन्। ती निकायहरूबाट सम्पादन गरिने कार्यहरूको विवरण गरिएको छ।

### (क) परीक्षा नियन्त्रण कार्यालय

- प्रि-डिप्लोमा, डिप्लोमा तथा प्रमाणपत्र तहको विभिन्न परीक्षाहरू संचालन गर्ने/गराउने।
- प्रवेश परीक्षा संचालन, भर्नाका लागि सिफारिस तथा छात्रवृत्ति वितरण सम्बन्धी कार्य गर्ने/गराउने।
- रजिष्ट्रेशन कायम गराउने।
- परिषद्सँग आबद्ध संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमको परीक्षाको प्रश्नपत्र निर्माण तथा मोडरेसन गर्ने।
- उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण गराई नतिजा प्रकाशन गर्ने/गराउने।
- परीक्षामा सफल भएका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्ने/गराउने।
- प्रमाणपत्र प्रमाणीकरण गर्ने/गराउने।

- प्रश्नपत्र बैंकको स्थापना गरी प्रयोगमा ल्याउने।
- परिषद् अन्तर्गत तथा परिषद्बाट सम्बन्धन प्राप्त गरी संचालन गरिएका निजी स्तरका प्राविधिक संस्थाहरूलाई परीक्षा प्रणाली तथा ITMS Online सम्बन्धी अभिमुखीकरण कार्यशाला सञ्चालन गर्ने/गराउने।

**(ख) राष्ट्रिय सीप परीक्षण समिति**

- सीपको तह निर्धारण, प्रमाणीकरण र सीप परीक्षण संचालन गरी प्रमाणपत्र वितरण गर्ने।
- पेशागत सीपका मापदण्ड/सीप प्रमाणीकाहरू निर्माण तथा परिमार्जन गर्ने।
- परम्परागत सीपयूक्त जनशक्तिको स्तर पहिचान गर्ने।

**(ग) प्राविधिक प्रशिक्षण प्रतिष्ठान**

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम क्षेत्रका प्रशिक्षक र व्यवस्थापकहरूलाई प्रशिक्षण, व्यवस्थापन तथा अन्य विविध विषयहरूमा कार्य दक्षता अभिवृद्धिका लागि आवश्यकता अनुसार तालीम प्रदान गर्ने।
- प्रशिक्षण, पाठ्यक्रम निर्माण तथा विकास, सामुदायिक विकास र व्यवस्थापन जस्ता विषयमा स्वदेश तथा विदेशमा प्रभावकारी तालीम कार्यक्रम संचालन गर्ने।

### ३.३.३ परिषद् अन्तर्गतका प्रदेश कार्यालयहरूको कार्य विवरण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का प्रदेश कार्यालयहरूबाट सम्पादन हुने मुख्य कार्यहरू निम्नानुसार रहेका छन् ।

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको प्रादेशिक आवश्यकता पहिचान, सम्भाव्यता अध्ययन, विकास विस्तार, नीति योजना तयार गर्न सहयोग गर्ने/गराउने।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सञ्चालनका लागि प्रादेशिक रणनीति र अल्पकालीन तथा दीर्घकालीन योजनाहरू तर्जुमा गर्ने।
- आधारभूत तथा मध्यमस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सञ्चालन गर्न आवश्यक सहयोग गर्ने/गराउने।
- औद्योगिक तथा कार्यस्थलको तालीम सञ्चालन गर्ने/गराउने कार्यमा आवश्यक सहयोग गर्ने।
- परिषद्को परीक्षा नियन्त्रण कार्यालयको नीति, निर्देशन तथा समन्वयमा परीक्षा व्यवस्थापन तथा सञ्चालन गर्ने/गराउने।

- राष्ट्रिय सीप परीक्षण समितिको नीति, निर्देशन तथा समन्वयमा सीप परीक्षण व्यवस्थापन तथा सञ्चालन गर्ने/गराउने।
- प्रदेश अन्तर्गतका कार्यक्रमहरूको गुणस्तर सुनिश्चितताका लागि प्रभावकारी सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने।
- प्रभावकारी तथा रोजगारमूलक तालीम व्यवस्थापन तथा सञ्चालनका लागि श्रोत साधन जुटाई परिचालन गर्ने/गराउने।
- प्रदेश तहमा गरिब तथा जेहेन्दार, सीमन्तकृत समुदाय, महिला, जनजाति, दलित, मधेशी, सहिद परिवारका बालबालिकाहरूलाई प्राविधिक शिक्षाको सरल र सहज पहुँचका साथै निरन्तरताका लागि आवश्यक छात्रवृत्तिको व्यवस्था गरी कार्यान्वयन गर्ने/गराउने।
- प्रदेश सामाजिक विकास मन्त्रालयमा विनियोजित बजेट निकासा लिने र कार्यक्रममा उल्लेख भए अनुसार कार्यक्रम कार्यान्वयन गर्नुका साथै शिक्षालय, पोलिटेक्निक इन्स्टिच्युट र तालीम केन्द्रका लागि तोकिएको बजेट निकासा पठाउने।
- शिक्षालय, पोलिटेक्निक इन्स्टिच्युट र तालीम केन्द्रबाट आवधिक रूपमा कार्य प्रगति विवरण लिई प्रदेश सरकार र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालयमा पठाउने।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको विकास र विस्तारका लागि प्रदेश सरकारलाई परामर्श एवम् आवश्यक सहयोग उपलब्ध गराउने।
- परिषद् केन्द्रीय कार्यालय र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको निर्देशन अनुसार तोकिएका तथा अन्य कार्यहरू गर्ने/गराउने।

## ४ परिषद्बाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर र अवधि

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिमका कार्यक्षेत्र सम्बद्ध तथा नेपाल सरकारको प्रचलित कानूनहरूद्वारा तोकिएका कार्यहरूसँग सम्बन्धित सेवाहरू परिषद्ले प्रदान गर्दै आइरहेको छ। सूचनाका सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्यका हकमा नागरिक बडापत्रमा तोके बमोजिम र विशेष कानुनले अवधि तोकेकोमा सोही बमोजिम परिषद् कार्यालयले सेवा प्रदान गर्ने गर्दछ। परिषद् केन्द्रीय कार्यालय, राष्ट्रिय सीप परीक्षण समिति, प्राविधिक प्रशिक्षण प्रतिष्ठान र परीक्षा नियन्त्रण कार्यालयको नागरिक बडापत्रहरू अनुसूची १ मा उल्लेख गरिएको छ।

## ५ निर्णय गर्ने प्रक्रिया र अधिकारी

परिषद्का सदस्य-सचिवले विषयको प्रकृति हेरी सोसँग सम्बन्धित महाशाखा र कार्यालयमा आवश्यक कारबाहीको लागि पठाउने र महाशाखा/कार्यालय प्रमुखबाट कारबाही अगाडि बढाउने गरिएको छ।

## ६ निर्णय उपर गुनासो सुन्ने अधिकारी

परिषद्का सदस्य-सचिव ई. महेश भट्टराई

## ७ सेवा प्रदान गर्ने परिषद्का महाशाखा/कार्यालय र जिम्मेवार अधिकारी

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत देहाय बमोजिम महाशाखा तथा कार्यालयहरूको व्यवस्था गरिएको छ। यहाँ परिषद्का महाशाखा तथा कार्यालय र जिम्मेवार अधिकारीको विवरण प्रस्तुत गरिएको छ।

| क्र.सं. | महाशाखा/कार्यालय | जिम्मेवार अधिकारी | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| १. | परिषद् कार्यालय | उपाध्यक्ष | - |
| २. | परिषद् कार्यालय | सदस्य-सचिव | ई. महेश भट्टराई |
| ३. | प्रशासन महाशाखा | निर्देशक | श्री दामोदर देवकोटा |
| ४. | प्राविधिक महाशाखा | निर्देशक | श्री नलराम देवकोटा |
| ५. | पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा | निर्देशक | श्री विनोद बडाल |
| ६. | सूचना तथा अनुसन्धान महाशाखा | निर्देशक | श्री टैलेन्द्र आचार्य |
| ७. | पोलिटेक्निक महाशाखा | निर्देशक | श्री नवराज कोइराला |
| ८. | नीति निर्माण तथा योजना महाशाखा | निर्देशक | श्री गेहेन्द्र कार्की |
| ९. | तालीम विकास महाशाखा | निर्देशक | श्री रामहरि देवकोटा |
| १०. | स्तर निर्धारण तथा सम्बन्धन महाशाखा | नि. निर्देशक | श्री मिनराज अधिकारी |
| ११. | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा महाशाखा | निर्देशक | श्री हेमन्त पराजुली |
| १२. | राष्ट्रिय सीप परीक्षण समिति | निर्देशक | श्री टेक बहादुर मल्ल |
| १३. | प्राविधिक प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | डा. अनोज भट्टराई |

| क्र.सं. | महाशाखा/कार्यालय | जिम्मेवार अधिकारी | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| १४. | परीक्षा नियन्त्रण कार्यालय | नियन्त्रक | श्री उमेश कुमार मिश्र |

संघीयताको मर्म र भावना अनुरूप परिषद्को केन्द्रीय कार्यालयले सम्पादन गर्ने कार्यहरू स्थानीय स्तरमा सरल, सहज रुपमा सेवा प्रवाह गर्न परिषद् कार्यालय अन्तर्गत ७ वटै प्रदेशमा देहायका परिषद् प्रदेश कार्यालयहरू स्थापना भई सञ्चालनमा रहेकाछन्।

| क्र.सं. | प्रदेश | ठेगाना | जिम्मेवार पदाधिकारी | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | कोशी प्रदेश कार्यालय | पचरुखी, इटहरी, सुनसरी | श्री उमेश खरेल, निर्देशक | ०२५-५८६७४० |
| २ | मधेश प्रदेश कार्यालय | सिद्धार्थनगर, जनकपुरधाम, धनुषा | श्री नागेन्द्र साह, निर्देशक | ९८५४०२४०२२ |
| ३ | बागमती प्रदेश कार्यालय | सरस्वती चोक, हेटौंडा, मकवानपुर | श्री श्रीधर नेपाल, का.मु. निर्देशक | ०५७-५२४९९१ |
| ४ | गण्डकी प्रदेश कार्यालय | मालेपाटन, पोखरा, कास्की | श्री कल्प कुमार बस्नेत, निर्देशक | ०६१-५८२२७३ |
| ५ | लुम्बिनी प्रदेश कार्यालय | नयाँगाउँ, बुटवल, रुपन्देही | श्री यादव सुवेदी, का.मु. निर्देशक | ०७१-४२२०७१ |
| ६ | कर्णाली प्रदेश कार्यालय | वीरेन्द्रनगर, सुर्खेत | श्री अच्युत दाहाल, का.मु. निर्देशक | ०८३-५२१८८५ |
| ७ | सुदूरपश्चिम प्रदेश कार्यालय | हसनपुर, धनगढी, कैलाली | श्री दिपेन्द्रनाथ अधिकारी, निर्देशक | ०९१-४१२१८८ |

यसका अतिरिक्ति परिषद् अन्तर्गत तपसिल अनुसारका परियोजनाहरू सञ्चालनमा रहेका छन्।

| क्र.सं. | परियोजनाको नाम | परियोजनका मुख्य उद्देश्य | जिम्मेवार पदाधिकारी |
|---|---|---|---|
| १ | नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना | राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप, पूर्व सिकाइको मान्यता र पारगम्यता कार्यान्वयन गर्न सहजीकरण गर्ने। | श्री टेक बहादुर मल्ल, परियोजना निर्देशक |

| | | | |
|---|---|---|---|
| २ | दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना | औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) र सीप स्तरोन्नती तालीम सञ्चालन तथा वृत्ति परामर्श सेवा प्रदान गर्न सहजीकरण गर्ने। | श्री रामहरि देवकोटा, परियोजना निर्देशक |
| ३ | युवाहरूका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम परियोजना | TVET क्षेत्रको रणनीतिक योजना कार्यान्वयन, प्राविधिक शिक्षालयको स्तर निर्धारण, प्रशिक्षण अनुमति- पत्र व्यवस्थापन र TVET को राष्ट्रिय पाठ्यक्रम प्रारूप निर्माण गर्न सहजीकरण गर्ने। | श्री प्रमोद भक्त आचार्य, परियोजना निर्देशक |

## ८ सम्पादन भएका मुख्य कार्यहरूको विवरण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् बाट २०८१ माघ महिनादेखि चैत्र मसान्तसम्म सम्पादन भएका मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन्।

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को ३७ औं वार्षिकोत्सव कार्यक्रम २०८१ फाल्गुन १२ गते परिषद्को केन्द्रीय कार्यालय, सानोठिमी, भक्तपुरमा सुसम्पन्न भयो। कार्यक्रमका प्रमुख अतिथि नेपाल सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय देवेन्द्र दहालज्यूले वार्षिकोत्सव समारोहको समुद्घाटन गर्नु भएको थियो। मन्तव्यको क्रममा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीले नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमले देश विकासमा महत्वपूर्ण भूमिका खेल्ने चर्चा गर्दै आउँदा दिनमा गुणस्तरीय शिक्षा र तालीम प्रदान गरी उद्यमशील तथा रोजगार जनशक्ति तयार गर्न आवश्यक रहेको बताउनु भयो। सो अवसरमा Journal of Technical and Vocational Education and Training (TVET) को १९ औं अङ्कको विमोचन समेत गरिएको थियो। कार्यक्रममा शैक्षिक सत्र २०७७/७८ मा रजिष्ट्रेशन भई डिप्लोमा तथा प्रमाणपत्र तह सर्वोत्कृष्ट नतिजा ल्याई उत्तीर्ण हुने स्वास्थ्य, इन्जिनियरिङ र कृषि तथा अन्य गरी तीन वटा विधाका प्रशिक्षार्थीहरूलाई पुरस्कृत गरिएको थियो। यसरी पुरस्कृत हुने प्रशिक्षार्थीहरूमा फारवेस्ट टेक्निकल कलेज, धनगढी, कैलालीबाट प्रविणता प्रमाणपत्र तह नर्सिङ कार्यक्रममा ९३.९७% ल्याई उत्तीर्ण हुने छात्रा आकृति कुँवर, गण्डकी पोलिटेक्निक इन्स्टिच्युट, पोखरा, कास्कीबाट डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ कार्यक्रममा ८९.९२% सहित उत्तीर्ण हुने छात्र उज्जैन उदास र मदन भण्डारी मेमोरियल

एकेडेमी नेपाल, उर्लाबारी, मोरङ्गबाट डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) कार्यक्रममा ८८.५९% ल्याई उत्तीर्ण हुने छात्रा भूमिका खतिवडा रहेका छन्। कार्यक्रममा गत वर्ष परिषद् सेवाबाट अनिवार्य अवकास भएका २४ जना कर्मचारीहरूलाई समेत सम्मान गरिएको थियो। फाल्गुन १२ गतेका दिन देशै भरका शिक्षालय तथा प्रदेश कार्यालयहरूले समेत विविध कार्यक्रमको आयोजना गरी परिषद्को स्थापना दिवस मनाएका थिए।

- Colombo Plan Staff College (CPSC) र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) बीचको सहकार्यमा परिषद् अन्तर्गतका शिक्षालय तथा कार्यालयहरूमा कार्यरत प्रशिक्षक तथा कर्मचारीहरूका लागि २०८१ चैत्र १९ देखि २२ गतेसम्म Branding and Image Building of TVET विषयक तालीम सम्पन्न भयो। उक्त ४ दिने अनलाइन तालीममा परिषद् अन्तर्गत कार्यरत ३८ जना प्रशिक्षक तथा कर्मचारीहरूको सहभागिता रहेको थियो।
- स्वदेश तथा विदेशमा भएका शिक्षण संस्थाबाट प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमको अध्ययन पूरा गरी परिषद् पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखामा १९०८ जनाले समकक्षता निर्धारणका लागि दरखास्त दिएका थिए। आवेदकहरूमध्ये १८२१ जनाको समकक्षता प्रमाणीकरण भएको छ। यसका साथै चालु आ.व.को तेश्रो त्रैमासिक अवधिमा उक्त महशाखाबाट १५ वटा पाठ्यक्रम प्रमाणीकरण (Verification) गर्ने कार्य सम्पन्न भएको छ।
- राष्ट्रिय सीप परीक्षण समितिले नियमित सीप परीक्षणका लागि विभिन्न पेशा/व्यवसायमा तह १ देखि तह २ सम्म २०८१ चैत्र १६ गते आवेदन फाराम भर्ने सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन गरेको छ।
- राष्ट्रिय सीप परीक्षण समितिले चालु आर्थिक वर्षको तेस्रो त्रैमासिकमा जम्मा १,७८१ जनाको सीप प्रमाणीकरण गरेको छ भने २०८१/०८२ को चैत्र मसान्तसम्ममा ५,१५,०७६ जनाको सीप प्रमाणीकरण गरेको छ। पूर्व सिकाइको मान्यता (RPL) विधिबाट हालसम्म जम्मा २,८२५ जनाको सीप प्रमाणीकरण गरेको छ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत सञ्चालित सेमेष्टर परीक्षा प्रणाली तर्फ डिप्लोमा तहका सम्पूर्ण कार्यक्रमहरूमा प्रथम वर्षको प्रथम खण्ड तथा दोश्रो खण्ड, दोश्रो वर्षको प्रथम खण्ड तथा दोश्रो खण्ड र तेश्रो वर्षको प्रथम खण्ड उत्तीर्ण भई तेश्रो वर्षको दोश्रोखण्डको कुनै एक सैद्धान्तिक विषयको नियमित तर्फको नतिजामा अनुत्तीर्ण भएका प्रक्षार्थीहरूका लागि एक विषयको मौका परीक्षा २०८२ साल वैशाख महिनामा सञ्चालन हुने र सम्बन्धित प्रक्षार्थीहरूले २०८२ वैशाख ३ गते भित्र नियमित शुल्क र २०८२ वैशाख १० गते भित्र बिलम्ब शुल्कमा सम्बन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम भर्ने व्यहोराको सूचना प्रकाशन भएको छ।

- परीक्षा नियन्त्रण कार्यालयबाट तयार गरिएको वार्षिक शैक्षिक क्यालेण्डरका आधारमा प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तह तर्फ विविध कार्यक्रमहरूको वार्षिक तथा सेमेष्टर परीक्षाहरू सञ्चालन भएका छन्। साथै विभिन्न मितिमा सञ्चालित परीक्षाको नतिजा समेत प्रकाशन गरिएको छ।
- प्राविधिक प्रशिक्षक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठानले ३२ वटा समूहमा ५५६ जना सहभागीहरूलाई २२१०.४ व्यक्ति हप्ताको तालीम प्रदान गरेको छ।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् र रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपालबीच **"प्राविधिक तथा व्यवसायिक शिक्षा"** रेडियो कार्यक्रम संचालन र प्रसारण गर्न मिति २०८१ जेठ ४ गते भएको द्विपक्षीय सम्झौता बमोजिम २०८१ माघदेखि चैत्र महिनासम्म ६ वटा रेडियो कार्यक्रमहरूको उत्पादन तथा प्रशारण गरियो।

## ९ सूचना अधिकारी, प्रवक्ता र कार्यालय प्रमुखको नाम, पद तथा सम्पर्क नं.

<u>सूचना अधिकरी</u>
नामः एकराज अधिकारी
पदः उप-निर्देशक
महाशाखाः सूचना तथा अनुसन्धान महाशाखा
सम्पर्क नं. ०१-६६३०७६९ (Ext. ३२५), मोबाइलः ९८५१३१६९५०

<u>प्रवक्ता</u>
नामः टैलेन्द्र आचार्य
पदः निर्देशक
महाशाखाः सूचना तथा अनुसन्धान महाशाखा
सम्पर्क नं. ०१-५६३९४५१

<u>कार्यालय प्रमुख</u>
नामः ई. महेश भट्टराई
पदः सदस्य- सचिव
सम्पर्क नं. ०१-६६३०४०८

## १० ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि/मापदण्ड

### ऐन

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५

### नियमावली

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१

### विनियमावलीहरू

- प्राविधिक शिक्षालय संचालन सम्बन्धी विनियमावली, २०४९
- सीप वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण विनियमावली, २०४९
- प्राविधिक प्रशिक्षण प्रतिष्ठान विनियमावली, २०५८
- आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६२
- कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैटौं संशोधन)
- परीक्षा सम्बन्धी विनियमावली, २०७१
- पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण विनियमावली, २०८०

### निर्देशिकाहरू

- सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम संचालन निर्देशिका, २०७२
- तराई मधेशका दलित र विपन्न मुसलमान परिवारका छात्रा तथा देश भित्रका लोपोन्मुख जातिका छात्रछात्रा र देशका हिमाली तथा पहाडी जिल्लाका विपन्न मुसलमान छात्राहरूले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम सञ्चालन (तेश्रो संशोधन) निर्देशिका, २०७३
- डिप्लोमा वा प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहको सैद्धान्तिक परीक्षा संचालन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन सम्बन्धी निर्देशिका, २०७९
- डिप्लोमा तथा प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहको प्रयोगात्मक परीक्षा संचालन सम्बन्धी निर्देशिका, २०७९
- प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) प्रशिक्षार्थी छनोट, भर्ना र मूल्याङ्कन निर्देशिका, २०७९ (पहिलो संशोधन २०८०)

- डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८०
- प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८०
- परिषद्का कार्यक्रम संचालनका लागि तयार गरिएको विषयगत पूर्वाधार निर्देशिकाहरू

**कार्यविधिहरू**

- प्रशिक्षण भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७७
- वैकल्पिक माध्यमबाट प्रशिक्षण संचालन कार्यविधि, २०७७
- छोटो अवधिको सीपमूलक तालीम संचालन कार्यविधि, २०७७ (संशोधन सहित)
- सेवा करारमा व्यक्ति छनोट सम्बन्धी कार्यविधि, २०७८ (संशोधन सहित)
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रम सम्बन्धन कार्यविधि, २०७८ (संशोधन सहित)
- इन्टर्न व्यवस्थापन कार्यविधि, २०७८ (पहिलो संशोधन, २०८०)
- प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित प्राविधिक शिक्षामा आवासीय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९
- सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम स्थगन, परिवर्तन, समायोजन, हस्तान्तरण र सम्बन्धन रद्द सम्बन्धी कार्यविधि, २०७९
- कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०/८१

**मापदण्डहरू**

- विषयगत प्रयोगात्मक अभ्यास मार्फत शिक्षालयद्वारा समुदायमा प्राविधिक सीप हस्तान्तरण मापदण्ड, २०८०
- प्राविधिक शिक्षा सञ्चालनको लागि स्थानीय तह मार्फत अनुदान वितरण मापदण्ड, २०८०
- कर्मचारी सरुवा तथा जिम्मेवारी सम्बन्धी मापदण्ड, २०८१

## ११ आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

चालु आ.व. २०८१/८२ का लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्वीकृत वार्षिक बजेट देहाय अनुसार रहेको छ।

| श्रोत | बजेट | कैफियत |
|---|---|---|
| नेपाल सरकार | रु. ३ अरब ९९ करोड ९७ लाख ६५ हजार | |
| वैदेशिक | रु. १ अरब ७२ करोड ७५ लाख | |
| आन्तरिक | रु. ६८ करोड | |
| जम्मा | रु. ६ अरब ४० करोड ७२ लाख ६५ हजार | |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत केन्द्रीय स्तरका कार्यालय तथा परियोजनाको आ.व. २०८०/८१ को तेश्रो त्रैमासिक अवधि (माघदेखि चैत्रसम्म) भौतिक प्रगति ७६.५०% र वित्तीय प्रगति ७५.९८% रहेको छ। संघीय तहको त्रैमासिक गत प्रगति तलको तालिकामा दिइएको छ।

| वजेट उपशिर्षक नं | वार्षिक बजेट (संघीय तह) | प्रथम त्रैमासिकको प्रगति | | दोस्रो त्रैमासिकको प्रगति | | तेस्रो त्रैमासिकको प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | भौतिक प्रगति | वित्तीय प्रगति | भौतिक प्रगति | वित्तीय प्रगति | भौतिक प्रगति | वित्तीय प्रगति |
| ३५०४१०११ | १५९५९२० | ५३.९९% | ५८.३२% | ६३.४२% | ६०.२८% | **७६.५०%** | **७५.९८%** |

Source: https://monitoring.moest.gov.np

## १२ परिषद्को वेबसाइट

परिषद् कार्यालयको वेबसाइटः www.ctevt.org.np

परिषद् कार्यालयको फेसबुक पेजः www.facebook.com/ctevtnepal

परीक्षा नियन्त्रण कार्यालको वेबसाइटः www.ctevtexam.org.np

राष्ट्रिय सीप परीक्षण समितिको वेबसाइटः www.nstb.org.np

प्राविधिक प्रशिक्षण प्रतिष्ठानको वेबसाइटः www.titi.org.np

## १३ परिषद्का सूचना तथा जानकारी प्रकाशन हुने अन्य स्थानको विवरण

परिषद्सँग सम्बन्धित सूचना तथा जानकारीहरू परिषद् कार्यालयको वेबसाइट र फेसबुक पेजमा प्रकाशन हुने गरेको छ। यसका अतिरिक्त परिषद्ले सम्पादन भएका क्रियाकलाप तथा प्रगति विवरण वार्षिक प्रतिवेदनमा समेत प्रकाशन गर्ने गरेको छ। परिषद् कार्यालयसँग सम्बन्धित महत्वपूर्ण सूचना तथा

जानकारी रेडियो नेपालको केद्रीय प्रशासरणबाट हरेक महिनाको पहिलो र तेश्रो बिहीबार बिहान ७:४० बजेदेखि प्रशारण हुने प्राविधिक तथा व्यावसायिक शिक्षा रेडियो कार्यक्रमबाट सुन्न सकिन्छ। साथै परिषद्का महत्वपूर्ण सूचनाहरू गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशन हुने गर्दछन्।

## १४ सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय

सूचना अधिकारीको इमेल र टेलिफोन तथा परिषद् कार्यालयको इमेल र हेलो सरकार मार्फत विभिन्न व्यक्तिहरूले सूचना माग गरेको र निजहरूलाई सोही माध्यमबाट नियमित रूपमा सूचना उपलब्ध गराउनुका साथै सम्बन्धित महाशाखा, कार्यालय तथा पदाधिकारीहरूलाई सोको जानकारी सम्प्रेषण गर्ने कार्य भएको छ। २०८१ माघदेखि चैत्र मसान्तसम्म परिषद् कार्यालयमा सूचनाको माग गरी देहायमा उल्लेख भए अनुसारका लिखित निवेदन प्राप्त भयो।

| क्र.सं. | सूचना माग गर्नेको नाम, ठेगाना | माग गरिएको सूचनाको संक्षिप्त विवरण | सूचना दिए नदिएको र सो को निर्णय मिति | कार्यालय प्रमुख वा सूचना अधिकारी मध्ये कुन तहबाट सूचना दिएको | सूचना नदिएको भए सो को कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | चन्द्र प्रकाश रोकाया ९८५१२१२३५२ | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) र डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) कार्यक्रम अनलाइन मार्फत सञ्चालन गर्नका लागि शिक्षालयलाई सम्बन्धन/स्वीकृति दिए नदिएको बारे | २०८१/१२/३१ गते सूचना उपलब्ध गराइएको | सूचना अधिकारी मार्फत | - | |

# अनुसूची १: नागरिक बडापत्र

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## सानोठिमी, भक्तपुर

## नागरिक बडापत्र

| सि.नं. | सेवाको विवरण | आवश्यक कागजातहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार महाशाखा/शाखा | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सोधपुछ | | तत्काल | निःशुल्क | रिसेप्सन | प्रशासन महाशाखाका निर्देशक र परिषद्का सदस्य-सचिव | कार्यालय समय भित्र |
